ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्प्पूर्ण कार्य गरिन्छ।
एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

इन्फोटेकमा आइटी हार्डवेयर र सफ्टवेयरको प्रवर्द्धन हुन्छ : ओभा २
अपाङ्गता भएका व्यक्तिको पहिचान गर्न शिविर ३
हिमाल एकेडेमीको १३औं बार्षिकोत्सव सम्पन्न ४

वर्ष २१ अंक १८९ वि.सं. २०७९ फागुन १३ गते शनिबार (Feb. 25 Saturday 2023) मुल्य रु. ४/- पेज -४

## मुख्यमन्त्री शाहले विश्वासको मत पाउने संकेत



**पोष्ट संवाददाता**

धनगढी । नेकपा माओबादी केन्द्र, नेकपा एमाले, नागरिक उन्मुक्ति पार्टी र राप्रपाको समर्थनमा मुख्यमन्त्री बनेका राजेन्द्र बहादुर रावलले विश्वासको मत पाउन नसकेपछि ठुलो दलको हैसियतमा सुदूरपश्चिमको मुख्यमन्त्री बनेका कमल शाहले विश्वासको मत पाउने संकेत देखिएको छ ।

राष्ट्रपति निमर्वाचनका लागि केन्द्रमा नेपाली कांग्रेस, नेकपा एस र नेकपा माओबादी केन्द्र सहितको गठबन्धन बनेपछि सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री कमल शाहले सजिलै विश्वासको मत पाउने परिस्थिती बनेको छ ।

यदी केन्द्रमा कांग्रेस सहतिको नयाँ शत्ता गठबन्धन बनेमा सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री शाह सम्मानजनक बहुमतको स्थितीमा हुने छन् । बहुमत पाएपछि फागुन २६ गते अगावै उनले विश्वासको मत लग्न सक्ने छन्

सुदूरपश्चिम प्रदेश सभामा नेपाली कांग्रेस संग १९, नेकपा माओबादी केन्द्र संग ११, नेकपा एस संग ४ जना प्रदेश सभा सदस्य रहेका छन् । तीन वटै दल मिलेर सरकार बनेको स्थितीमा पनि सुदूरपश्चिम प्रदेश सभामा सरकारसंग ३४ जना प्रदेश सभा सदस्य हुने छन् । जुन सम्मान जनक बहुमत हो । सुदूरपश्चिम प्रदेशमा सरकार बनाउन आवश्यक पर्ने बहुमत संख्या २७ हो ।

केन्द्रमा बन्ने नयाँ शत्ता समिकरणमा नागरिक उन्मुक्ति पार्टी पनि सहभागि भएको छ । केन्द्र संगै प्रदेशमा पनि नागरिक उन्मुक्ति पार्टी सहभागि रहेको अवस्थामा मुख्यमन्त्री शाह दुई तीहाई मत नजिक पुग्ने छन् ।

तर प्रदेश सरकारमा सहभागि हुने वा नहुने भन्ने बारेमा अहिले सम्म कुनै सहमति नभएको नागरिक उन्मुक्ति पार्टी संसदीय दलका नेता रामेश्वर चौधरी बताउँछन् । 'प्रदेश सरकारलाई विश्वासको मत दिने वा नदिने भन्ने बारेमा अहिलेसम्म कुनै छलफल भएको छैन,' संसदीय दलका नेता चौधरीले भने, 'आगामी दिनमा पार्टीले जे निर्णय गर्छ त्यसै अनुसार अघि बढ्ने छौं ।'

केन्द्रमा शत्ता गठबन्धन फेरिदा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहलाई विश्वासको मतका लागि नागरिक उन्मुक्ति पार्टीकै भर पर्नुपर्ने बाध्यता भने हटेको छ ।

सुदूरपश्चिम प्रदेशमा कुनै पनि दल संग स्पष्ट बहुमत नहुँदा प्रदेश प्रमुख देशराज जोशीले पुस २० गते संविधानको धारा १६८को उपधारा २ अनुसार दुई वा दुई भन्दा बढी दलको समर्थन जुटाएर मुख्यमन्त्रीमा दावि पेश गर्न आह्वान गरेका थिए ।

प्रदेश प्रमुखको आह्वान अनुसार नेकपा माओबादी केन्द्रका ११, नेकपा एमालेका १०, नागरिक उन्मुक्ति पार्टीका ७ र राप्रपाका एक जना गरी २९ प्रदेश सभा सदस्यको समर्थन सहति एमाले संसदीय दलका नेता राजेन्द्र रावलले पुस २७ गते मुख्यमन्त्रीका लागि दावि पेस गरेका थिए ।

मुख्यमन्त्री चयन प्रक्रियामा रावललाई समर्थन जनाएपनि ७ जना प्रदेश सभा सदस्य रहेको नागरिक उन्मुक्ति पार्टीले आफ्ना माग पुरा नभएको भन्दै रावललाई विश्वासको मत दिएन । नागरिक उन्मुक्ति पार्टीबाट विश्वासको मत नपाएपछि अल्पमतमा परेका रावलले माघ २६ गते प्रदेश प्रमुख देवराज जोशी समक्ष राजीनामा पत्र बभ्हाएका थिए ।

रावलले विश्वासको मत नपाएपछि संविधानको धारा २६८ को उपधारा ३ को व्यवस्था अनुसार प्रदेश सभाको ठुलो दलको हैसियतमा नेपाली कांग्रेस प्रदेश संसदीय दलका नेता कमल शाहले माघ २६ गते नै प्रदेश प्रमुख समक्ष मुख्यमन्त्रीमा दावि पेश गरेका थिए ।

संविधानतः प्रदेश प्रमुख देवराज जोशीले मुख्यमन्त्रीमा शाहलाई नियुक्त गरेपनि केन्द्रीय शत्तासमिकरणका कारण उनलाई पनि विश्वासको मत पाउन सकस हुने निश्चित थियो । प्रदेशमा आफु निर्णायक रहेको फाइदा उठाउँदै नागरिक उन्मुक्ति पार्टीले आफ्ना माग पुरा नभएसम्म विश्वासको मत नदिने अडान राखेको थियो ।

माओबादी केन्द्र पनि केन्द्रिय शत्तासमिकरणका कारण शाहलाई विश्वासको मत दिन नसक्ने अवस्थामा रहेको थियो ।

जसका कारण फागुन पहिलो सातामै विश्वासको मत लग्न चाहेका मुख्यमन्त्री कमल शाहले तत्काल त्यो सम्भव नदेखेपछि विश्वासको मत लग्ने मिति समेत सारेका थिए ।

तर शुक्रबार केन्द्रमा चुनाव अघिकै गठबन्धन विउताउने सहमति भएसंगै सुदूरपश्चिममा पनि मुख्यमनत्री शाहलाई सजिलै विश्वासको मत पाउने वातावरण बन्ने देखिन्छ ।

## मिल्सबेरीको बार्षिकोत्सवमा सम्पन्न

- दशौ बार्षिकोत्सका अवसरमा आयोजित रक्तदान कार्यक्रममा २७ जनाले रक्तदान गरेका थिए ।



धनगढी । मिल्सबेरी मोन्टेश्वरी स्कुलले आफ्नो बार्षिकोत्सव रक्तदान सहितका विविध कार्यक्रम सहित मनाएको छ । दशौ बार्षिकोत्सका अवसरमा आयोजित रक्तदान कार्यक्रममा २७ जनाले रक्तदान गरेका थिए ।

बार्षिकोत्सव कार्यक्रममा बिद्यार्थीहरुले साङ्गितिक प्रस्तुति, नृत्य, नाटक आदि प्रस्तुत गरेका थिए ।

बिद्यालयका संचालक सुजित शर्माको अध्यक्षतामा भएको उक्त कार्यक्रममा धनगढी उप महानगरपालिकाको शिक्षा, युबा खेलकुद महाशाखा प्रमुख नरेद्र बहादुर खाती, पुर्ब नगर प्रमुख खेम राज पाण्डे, ऐश्वर्य बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख धर्म देव भट्ट, कैलाली उद्योग वाणिज्य संघका सल्लाहकार शिव राज फुलारा, नेपाल उद्योग बाणिज्य महासंघ सुदुर पश्चिम प्रदेशका कार्यकारी निर्देशक ज्योति भट्ट, नवजीवन सहकारी संस्था लिमिटेडका संचालक समिती सदस्य तथा बाल संगठन कैलालीका उपाध्यक्ष गोपाल पाठक, धनगढी जेसिसका अध्यक्ष मोहन ओभा, धनगढी पोष्ट दैनिकका सम्पादक कर्ण शाह, सेती प्रादेशिक अस्पतालका पुर्ब अध्यक्ष दुर्गा जोशी लगायतको सहभागिता रहेको थियो ।

सो अवसरमा किशन सिंह टेर र दिपक उपाध्यायलाई सम्मान गरिएको थियो।

## सांसद चौधरीले राष्ट्रपति चुनावमा मतदान गर्न पाउने

**पोष्ट संवाददाता**

धनगढी । कैलाली क्षत्र नम्बर-२ बाट निर्वाचित प्रतिनीधि सभा सदस्य अरुण कुमार चौधरी यही फागुन २५ गते हुने राष्ट्रपति निर्वाचनमा मतदान गर्न पाउने भएका छन् ।

निर्वाचन आयोगले चौधरीको नाम मतदाता नामावलीमा समावेश गरेपछि उनिले मतदानमा भाग लग्न पाउने भएका हुन् । मतदाता नामावलीमा नाम समावेश गर्न र विवरण सच्याउनका लागि परेको निवेदनका आधारमा चौधरीको नाम मतदाता नामावलीमा समावेश गरिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

ट्र्याक्टरमाथि आगजनी गरेको अभियोगमा सांसद चौधरीलाई अदालतले दोषी ठहर गरेको थियो । उनलाई माघ १९ गते प्रहरीले नियन्त्रणमा लिई कारागार चलान गरेको थियो । त्यसलगत्तै सांसद चौधरी निलम्बित भएका थिए ।

प्रजातन्त्र दिवसका अवसरमा राष्ट्रपतिबाट कैद मिनाहा भएको पत्र सङ्घीय संसद् सचिवालय पुगेपछि उनको निलम्बन फुकुवा भएको थियो । उनी फागुन ७ गते आइतबार कारागार मुक्त भएका थिए । निलम्बन फुकुवा भएसँगै चौधरीको सांसद पद कायम भएको छ ।

निर्वाचन अधिकृतको कार्यालयले प्रतिनिधिसभा सदस्य सङ्गीता मण्डल धानुक, राष्ट्रियसभा सदस्य दुर्गाकुमारी गुरुङ, प्रदेशसभा सदस्य सरस्वती खड्का र सञ्जुकुमार चौधरीको विवरण सच्याएको सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्माले जानकारी दिइन् ।

नामावली सच्याएर कार्यालयले शुक्रबार अपराह्न ३ बजे अन्तिम मतदाता नामावली प्रकाशन गरेको छ । राष्ट्रपतिको निर्वाचन यही फागुन २५ गते हुँदैछ । शनिबार उम्मेदवारको मनोनयन तोकिएको छ । आज (शनिबार) बिहान १० देखि अपराह्न ३ बजेसम्म मनोनयन पत्र दर्ता गर्न सकिने कार्यतालिका छ ।

'आसन्न राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७९ को लागि निर्वाचन आयोग नेपालको कार्यतालिका अनुसार मतदाता नामावलीमा नाम समावेश गर्न र विवरण सच्याउनका लागि परेका दरखास्तहरु उपर छानविन गरी प्रतिनिधिसभा सदस्य श्री अरुण कुमार चौधरीको मतदाता नामावलीमा नाम समावेश गर्ने र प्रतिनिधी सभा सदस्य श्री संगीता मण्डल धानुक, राष्ट्रिय सभा सदस्य श्री दुर्गा कुमारी गुरुङ, प्रदेश सभा सदस्य श्री सरस्वती खड्का, प्रदेश सभा सदस्य श्री सन्जु कुमारी चौधरीको विवरण सच्याउने निर्णय भएकोले मिति २०७९ । ११ । १२ गते दिउँसो ३:०० बजे उपर्युक्त बमोजिमको विवरण समेत समावेश गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ,' आयोगले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

**कर्मचारी आवश्यकता**

यस आस्था कटेजका लागि कर्मचारीको आवश्यकताभएकोले इच्छुक योग्य व्यक्तिहरुबाट दरखास्त आह्वान गरिन्छ।

**कुक :** १ जना
**वेटर :** १ जना
**नोट :** सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ।

सम्पर्क :
**आस्था कटेज**
धनगढी-५, हसनपुर पिपलचौतारा
मो.नं. : ९८५८४२६३१९

## सुप विश्वविद्यालयमा चैत ८ गते स्ववियु निर्वाचन

**पोष्ट संवाददाता**

धनगढी। सुदूरपश्चिम विश्वविद्यालयले चैत ८ मा स्ववियु (स्वतन्त्र विद्यार्थी युनियन) निर्वाचन गर्ने निर्णय गरेको छ । विश्वविद्यालयको कार्यकारी परिषद्ले केन्द्रीय क्याम्पससहित सबै आंगिक क्याम्पसमा स्ववियु निर्वाचन गर्ने निर्णय गरेको हो ।

२०६६ मा विश्वविद्यालय स्थापनापछि पहिलो पटक स्ववियु निर्वाचन हुन लागेको हो । केन्द्रीय क्याम्पससहित १५ आंगिक क्याम्पसमा निर्वाचन हुने विश्वविद्यालयका रजिस्ट्रार यज्ञराज पाठकले बताए । विश्वविद्यालयको कार्यकारी परिषद्ले सोमबार स्ववियु निर्वाचनको निर्णय गरेको हो । त्यसअघि विद्यार्थी संगठनहरूसँग पनि छलफल गरेको थियो। विद्यार्थी संगठनहरूले पनि स्ववियु निर्वाचनको माग गर्दै आएका थिए ।

पाठकले विद्यार्थी संगठनहरूसँग छलफलपछि निर्वाचनको मिति घोषणा गरिएको बताए। तत्कालीन सिद्धनाथ बहुमुखी



## बसाई सराईका...

अनुसार, नेपालमा गरेको एक अध्ययनले पाठेघर खस्ने समस्यालाई कुपोषण, गर्भावस्था र सुत्केरी बेलामा भारी काम गर्नु, सुत्केरीपश्चात् आवश्यक आराम नगर्नु, एक बच्चा र अर्को बच्चा बीच उचित समय नहुनु, सुत्केरीको बेला लामो व्यथा लाग्नु आदिले बढावा दिन्छ भनेर देखाएको छ।

उनका विचारमा कुपोषण र पाठेघर खस्ने समस्या बीच अप्रत्यक्ष सम्बन्ध छ। पोषित भएमा शरीरका अंगहरूले राम्रो काम गर्न सक्छन् तर कुपोषितको हकमा यस्तो नहुन सक्छ। मौसमी बसाइँसराइ गरिराख्ने महिलाहरूको हकमा गर्भवती चेकजाँच गरेको नहुने, गर्भवती हुँदा खानपिनमा ध्यान दिन नसकिने, आवश्यक आराम गर्नुपर्ने बेला हिंडडुल गरिराख्नुपर्ने, भारी बोक्नुपर्ने, संस्थामा गएर सुत्केरी हुन कठिन हुने र व्यावहारिक नहुने जस्ता समस्या हुन्छन्।

उनका भनाइमा, 'सुत्केरीलगत्तै गर्नुपर्ने हेरचाहबाट वञ्चित हुने, सुत्केरी भएपश्चात् भारी काम गर्ने लगायत कारणले आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्छ।'

**चार वर्षमा १० सुत्केरीको मृत्यु**

बाजुरामा ४ वर्षमा १० जना सुत्केरीको मृत्यु भएको छ। समयमै उपचार नपाउँदा बाजुराका महिलाले अकालमै ज्यान गुमाउनु परेको छ। २०७६ सालमा ५ जना, २०७७ सालमा १ जना, २०७८ मा २ जना र २०७९ मा २ जना सुत्केरीको मृत्यु भएको छ।

२०७६ सालमा मृत्यु हुनेमा जगन्नाथ गाउँपालिका-५ गोत्री बस्ने ३५ वर्षीया पुल्ती रावल, बडिमालिका नगरपालिका-७ जिल्लीकी बसन्ती नेपाली, बुढिनन्दा नगरपालिका-१० पाण्डुसेनकी ३५ वर्षीया निर्मला बोहरा थिए। त्यस्तै त्रिवेणी नगरपालिका-१ छताराकी ३७ वर्षकी रेजिया नेपाली, बुढिगंगा नगरपालिका-७ झाली बस्ने २० वर्षकी कमला उखेडको मृत्यु भएको थियो।

२०७७ सालमा बुढिनन्दा नगरपालिका-४ कुरुमा २३ वर्षीया अम्बकला रोकायाको मृत्यु भएको थियो। सुत्केरी हुन नसकेर कोल्टी प्राथमिक स्वास्थ्य केन्द्र लैजाँदै गर्दा रोकायाको बाटोमै मृत्यु भएको हो।

२०७८ साल साउन महिनामा त्रिवेणी नगरपालिकाको किम्नीकी २० वर्षीया जौलादेवी बिकको बच्चा पाएको १० दिनपछि अत्यधिक रक्तस्रावको कारणले मृत्यु भयो। त्यस्तै हिमाली गाउँपालिका वडा नम्बर ४ तिथिचौर बस्ने २१ वर्षीया गंगा चदाराको बच्चा जन्माएको केही समयमै रक्तस्रावका कारणले मृत्यु भएको थियो।

२०७९ सालमा बाजुराको बुढिगंगा नगरपालिका-६ बस्ने २० वर्षकी नितु जैसीको दुई महिना पहिला मृत्यु भएको थियो। बडिमालिका नगरपालिका-१ पिनालेख बस्ने रमेश बिककी २६ वर्षीया श्रीमती जानकी बिक लुवारको सुत्केरी हुन नसकी डेढ हप्ता पहिला बाटोमै मृत्यु भएको छ। जिल्ला अस्पताल बाजुराले रेफर गरेकी जानकीलाई बस चढाएर महेन्द्रनगर लैजाँदै गर्दा बाटोमै मृत्यु भएको श्रीमान् रमेशले बताएका छन्।

मृत्यु भएका १० मध्ये सुत्केरी ७ जनाको स्वास्थ्य संस्थामा, एक जनाको घरमा र दुई जनाको धनगढी लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो। बडिमालिका नगरपालिका स्वास्थ्य संयोजक टेकबहादुर खड्काका भनाइमा, चार वर्षमा १० सुत्केरीको मृत्यु हुनुले यहाँको समाजको चेतनास्तर देखाउने बताए।

गर्भवती भएपछि नियमित गर्भजाँचको कमि र समयमै सुत्केरी गराउन स्वास्थ्य संस्था नपुर्याउँदाको परिणाम भएको खड्काको भनाइ छ। अर्को सुत्केरी भएको बेला आराम गर्न नपाउने, पोषिलो खानेकुरा नपाउने, कडा परिश्रम गर्नुपर्ने बाध्यताले सुत्केरी महिलाले ज्यान गुमाउने गरेको उनले बताए।

हुनत सरकारले हवाई उद्धार कार्यक्रम सञ्चालन गरेको छ, तर पनि सुत्केरी महिलाको ज्यान जाने क्रम रोकिएको छैन। कडा परिश्रम, धेरै बच्चा जन्माउनु, कम उमेरमा बच्चा जन्माउनु, स्वास्थ्य सेवा पहुँचबाट विमुख हुनु जस्ता कारणले हवाई उद्धार कार्यक्रम पनि प्रभावकारी हुनसकेको छैन।

नेपालीको औसत आयु ६९ वर्ष छ। तर, बाजुराका बासिन्दाको आयु ५९ वर्ष मात्रै छ। १४ प्रतिशत जनसंख्या ४० वर्षभन्दा बढी नबाँच्ने बाजुराका आमाहरूको अवस्था झनै दर्दनाक छ। जिल्लाको गरिबीकै कारणले अधिकांश बाजुरेलीको आयु कम र अस्वस्थ हुने गरेको बुढिगंगा नगरपालिका स्वास्थ्य संयोजक दीपक शाह बताउँछन्।

वरिष्ठ जनस्वास्थ्य अधिकृत रमेश कुँवरका भनाइमा, 'आमा गर्भवती हुँदा पेटभित्रको बच्चालाई रगत मार्फत पौष्टिक तत्व चाहिन्छ। यस्तो अवस्थामा आइरन र फोलिक एसिडको कमि भएमा आमामा रक्तअल्पता हुन्छ। रक्तअल्पता पनि कुपोषणको एउटा जटिल अवस्था हो।'

कुँवर भन्छन्, 'सुत्केरी हुने दौरानमा केही मात्रामा रक्तस्राव हुन्छ। बाजुरा जस्तो हिमाली र पहाडी जिल्लामा अत्यधिक रक्तस्रावले गर्दा मातृ मृत्युदर भएको देखिन्छ। पहिल्यैदेखि कुपोषित आमा त्यसमा पनि अत्यधिक रक्तस्राव भएमा आमा र बच्चाको ज्यान थप जोखिमपूर्ण हुन्छ।'

# अपाङ्गता भएका व्यक्तिको पहिचान गर्ने शिविर

**पोष्ट संवाददाता**

बैतडी। बैतडीको शिवनाथ गाउँपालिकाले अपांगता पहिचान शिविर सञ्चालन गर्ने भएको छ। अपांगता परिचय पत्र पाउन बाँकी रहेका व्यक्तिहरुलाई लक्षित गरेर शिविर सञ्चालनको तयारी भएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नरेन्द्र महताले बताए।

यही फागुन २१ गते गाउँपालिकाको केन्द्र सुल्लेखानमा शिविरको आयोजना गर्ने तयारी भएको बताइएको छ। एकै ठाउँमा शिविर सञ्चालन गरेर अपांगता परिचय पत्र पाउन बाँकी रहेकाहरुलाई परिचय पत्र वितरण गर्ने उद्देश्य सहित शिविर सञ्चालन गरिएको हो।

अहिले स्थानीय तहहरुले नै अपांगता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्नुपर्ने प्रावधान रहेको छ। तर कतिपय ठाउँमा मेडिकल अधिकृत नहुँदा अपांगता भएका व्यक्तिहरुले परिचयपत्र पाउन सकेका छैनन्।

डाक्टरको रिपोटको अभावमा परिचय पत्र पाउन नसकेका अपांगता भएका व्यक्तिहरुलाई सहज होस भनेर शिविर आयोजना गर्ने तयारी भएको गाउँपालिका उपाध्यक्ष शकुन्तला साउँदले बताइन्।

अपांगता भएका व्यक्तिहरुलाई गाउँपालिकाका तर्फबाट दिन सकिने सेवा सुविधामा सहज होस भनेर शिविरको आयोजना गरिएको गाउँपालिका अध्यक्ष कर्णसिंह साउँदले बताए।

# राष्ट्रपतिमा कांग्रेसलाई सघाउने ८ दलको सहमति

**पोष्ट संवाददाता**

काठमाण्डौं। संसद्मा प्रतिनिधित्व गर्ने आठ राजनीतिक दलले राष्ट्रपतिको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारलाई सघाउने गरी सहमति गरेका छन्।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा शुक्रबार साँझ बसेको बैठकले नेपाली कांग्रेसको उम्मेदवारलाई साझा उम्मेदवारको रुपमा राष्ट्रपतिको उम्मेदवार बनाउने र विजयी गराउने निर्णय गरेको कांग्रेस महामन्त्री गगन थापाले बताए।

राष्ट्रपतिमा राष्ट्रिय सहमति जुटाउने अडान लिएका प्रधानमन्त्री एवम् माओवादी अध्यक्ष पुष्पकमल दाहालले सत्तापक्ष र विपक्षका आठ दलबाट कांग्रेस उम्मेदवारलाई राष्ट्रपति बनाउन सहमति जुटाएका हुन्।

आठ दलले कांग्रेस उम्मेदवारलाई राष्ट्रपतिमा साझा उम्मेदवार बनाउने निर्णय भएको कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले बताए।

'साँझ ६ बजे प्रधानमन्त्री निवास बालुवाटारमा बसेको आठ दलको बैठकले राष्ट्रपतिको निर्वाचनमा नेपाली कांग्रेस पार्टीको उम्मेदवारलाई समर्थन गर्ने सर्वसम्मतले निर्णय गरेको छ,' उपसभापति खड्काले भने।

आठ दलले सहमति दिएपछि प्रतिनिधिसभामा ठूलो दल भएर पनि प्रतिपक्षमा रहेको कांग्रेस फेरि शक्तिमा फर्किएको छ। राष्ट्रपतिमा कांग्रेसलाई सत्तारुढ दलहरू माओवादी केन्द्र, जनता समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले पनि साथ दिएका छन्, भने विपक्षमा रहेका नेकपा एकीकृत समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले पनि साथ दिएका छन्।


## मोटरसाईकल हराएको सुचना

२०७९/१०/१४ गते धनगढी मेनरोड नजिकै चौधरी बुक डिपोको पार्कीङ्ग स्थलमा पार्कीङ्ग गरी राखिएको हर्क बहादुर बमको नाममा रहेको से.७ प. १७७८ नम्बरको यामाहा कम्पनीको FZ१४९CC निलो रङ्गको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न मोबाइल नम्बरमा सम्पर्क गरी दिनहुन अनुरोध छ।

सम्पर्क नं. :
९८५८४२१९१०


## मिडिया अणु....

पत्रकारहरूको सहकार्यमा एक करोड १५ लाखभन्दा बढी कागजात अध्ययन गरेर सेता कपडामा रहेका काला कर्तुत छर्लङ्ग पारे। ट्याक्स हेभेनका व्यवसायमा लगानी गरेको देखाएर बाहिर पुऱ्याउने र देशको कर छल्ने प्रक्रियामा मोसाका फोन्सेकाजस्ता संस्थाले सघाउने रहेछन्।

पेगासेस इजरायलको एनएसए कम्पनीको एउटा जासुसी एप्स सफ्टवेयर हो। यदि यो एपलाई कुनै पनि स्मार्टफोनमा ह्याकरले घुसाइदियो भने फोनको माइक्रोफोन, क्यामेरा, अडियो, टेक्स्ट मेसेज, इमेल र लोकेसनसम्म जानकारी हासिल गर्दै उक्त डिभाइसको सबै डाटा अर्को पक्षकोमा पुग्छ। फोन बन्द गरे पनि माइक्रोफोन र क्यामेरा चलिरहन्छन्। विशेषज्ञहरू भन्छन्, 'सहज तरिकाले ह्वाट्स एप वा मिस कलमार्फत तीव्र तरिकाले लक्षित फोनमा एप्स इन्स्टल हुन्छ र डिलिट गर्दा पनि हटाउन सकिँदैन।'

खतरनाक हतियारमा सामेल एप्सले आफ्ना विरोधी तह लगाउनु, जासुसी गर्न प्रयोग गरेको कुरा यनएसओका केही प्रमुख ग्राहकमा साउदी अरब, युनाइटेड अरब इमिरेट्स र मेक्सिको थिए। अब नयाँ ग्राहक थपिए। ती देशहरूको प्रजातान्त्रिक सूचकाङ्क पनि यहाँ उल्लेख गरौं। रुवान्डा (१३०), मोरक्को (९६), साउदी अरेबिया (१५६), बहराइन (१५०), युनाइटेड अरब इमिरेट (१४५), अजरबैजान (१४६), काजिकिस्तान (१४६), हङ्गेरी (५३), पानामा र मेक्सिको (७२) र भारत (५३) स्थानमा छन्। एनएसओले आफ्ना ग्राहक सरकार मात्रै हुन्छन् भन्छ तर भारतले भने किनेको स्वीकार/अस्वीकार दुवै गरेको छैन।

अपराधको घैंटो कुनै न कुनै दिन त फुट्छ नै। १८ जुलाई २०२० देखि फ्रान्सको फारविडेन स्टोरिज् र एमनेस्टी इन्टरनेसनलले सुरु गरेको पेगासेस प्रोजेक्टमा 'वाशिङ्गटन पोस्ट', 'द गार्जियन', 'ल मोंद', 'सुडडोइच जाइटुङ्ग'लगायत भारतीय मिडिया 'द वायर'सहित विश्वका १५ प्रतिष्ठित मिडियाका एक सय ३० भन्दा धेरै पत्रकार संलग्न भएर सत्ताले पेगासेस उपयोग कहाँ र कस्तो तरिकाले गर्दैछ भन्ने अनुसन्धान गरिरहेका छन्। संसारकै चुनावी परिणामलाई हेरफेर गर्ने इजरायली ठेकेदार ताल हनानको खेल १५ फेब्रुअरीमा ब्रिटिस अखबार गार्डियन, इजरायली अखबार हारेत्ज, फेन्च अखबार ला मोन्द, जर्मन मैगजिन डेर स्पिगल अमेरिकी अखबार वाशिङ्नगटन पोस्टसमेत ३० मिडिया संस्थाहरूले ताल हनानको रहस्यले चुनाव शक्ति र प्रजातान्त्रिक अभ्यासको पोल खोलिदिए। ३३ देशको जार्जको नाममा केन्द्रीय चुनावको ठेक्का लिएको ताल हनानले दाबी गरेको छ। २७ चुनावको रिजल्ट उसको क्लाइन्टको पक्षमा पारेको थियो।

भारतीय 'फेकन्युज'विरुद्धको लेखका कारण मारिएकी गौरी लङ्केशको प्रेरणाले सक्रिय फारबिडन स्टोरिज नामको संस्थाले उनको काम अगाडि बढाउने निर्णय गरेर फेक न्युजकी फैक्ट्रीलाई नाङ्गेझार पार्दै गएको गैरनाफामुखी संस्था हो। यसले पेगासेसको रहस्य पनि सार्वजनिक गरेको थियो।

**शक्ति र मिडिया**

जब शक्तिले मिडिया नियन्त्रण गर्न सक्दैनन् तब मिडियाको स्वामित्व नै किनेर स्वतन्त्र मिडियाको घाँटी दबाउँछन्। तर अपराध कर्म छिपाउन भने सक्दैनन्। वास्तविक मिडियासामु शक्ति बबुरो बन्न पुग्छ। हिन्डनवर्गको एउटै ३२ हजार शब्दको लेखले विश्वको दोस्रो धनाढ्य गौतम अडानीलाई २५ वा नम्बरमा पुऱ्याइदियो। भारतमा भिन्न प्रकारको समाचार र विश्लेषण गर्ने टेलिभिजनलाई व्यवस्थापन गर्न नसकेपछि स्वामित्वकै लिँदा पनि गम्भीर खाले विश्व मिडिया प्रभावित पार्न सकेनन्। पानामा पेपर, फोर्ब्स, ब्लुमार्क, हिन्डनवर्ग रिसर्च, वाशिङ्गटन टाइम्स र द गार्जियनलाई विज्ञापनले नियन्त्रण र प्रलोभन पार्नै सकेन। नयाँ मिडियाको उदयले संसारभरका मानिसहरू र इन्टरनेटबीचको सञ्चार बढाएको छ। यसले मानिसहरूलाई ब्लगहरू, वेबसाइटहरू, भिडियोहरू, तस्बिरहरू र अन्य प्रयोगकर्ता-उत्पन्न मिडियामार्फत व्यक्त गर्न अनुमति दिएको छ।


## धनगढी उप-महानगरपालिका

धनगढी, कैलाली

### संधियारको नाममा जारी सूचना

यस उप-महानगरपालिकाका वडा ७ केएमसी दक्षिण गेटमा अवस्थित कित्ता नं. ९३ क्षेत्रफल ६५८ व.मि.मा भवन निर्माण गर्ने घरधनी श्री शान्ती ढुंगानाले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ। निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, सन्धि सर्पन हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्नु सुचित गरिन्छ। म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ।

**१. निर्माणको निमित्त प्रस्तावित जग्गाको चारकिल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाई (फिट/मिटर) | छाडेको आफ्नो जग्गा (फिट/मिटर) | संधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम |
| पूर्व | | | | | हंशराज भण्डारी |
| पश्चिम | | | | | बाटो |
| उत्तर | | | | | बाटो |
| दक्षिण | | | | | दान बहादुर मल्ल |

घरको नाप: लम्बाई ३६'०" चौडाई २६'२" उचाई : २०'०" तल्ला संख्या: २

**२. साईट प्लानको नक्सा**


## अर्थतन्त्रका समस्या....

कम्युनिष्ट जनमत भित्र खेल्न र दिग्भ्रम सिर्जना गर्न तुलनात्मक रूपमा राम्रो संगठन भएको पार्टी एमालेलाई अधिकतम् उपयोग गर्दा तुलनात्मक रूपमा बढी फाइदा हुने बुझेर नै यस्तो रणनीति लिएको देखिन्छ। अन्तमाः

वस्तुतः नेपालमा विद्यमान अस्थिरता र अन्यौलताको मूलभूत कारण भनेको वैदेशिक हस्तक्षेप वा चलखेल नै हो। यसरी वैदेशिक हस्तक्षेप नहुने हो भने हाम्रो राजनीति यति धेरै भद्रगोल र अस्तव्यस्त हुने थिएन। कतिपय पार्टी र पात्रहरूको अति चुरीफुरी पनि यसरी बढ्ने थिएन।

रास्वपा र राप्रपाको उदय र एमालेको अवसरवादी ढुलमुले प्रवृत्तिलाई नियाल्दा कतै न कतै ईन्डोपश्चिमाहरुको स्वार्थ लुकेको देखिन्छ। विचार एजेन्डा भन्दा पनि हावादारी प्रचारात्मक माहौलको पछि समाज निर्देशित हुनु यसैको उपज हो।

त्यसैले, एमाले, रास्वपा र राप्रपा लगायतका पार्टीहरू एकातिर ईन्डोपश्चिमा गुरुयोजना अन्तरगत गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिक लगायतका अग्रगामी एजेण्डाहरु विरुद्ध ध्रुवीकरण भइरहेको छ। विदेशी शक्तिकेन्द्रहरूको यस्तो चलखेललाई वेलैमा व्यवस्थापन नगरे विकराल स्थिति नआउला भन्न सकिन्न। यसमा सबै गम्भीर बन्न जरुरी छ।

वस्तुतः ठोस कार्यदिशा र कार्ययोजना विना केवल अरूलाई गाली गरेर आफ्नो उत्थान हुने प्रचारात्मक राजनीतिले धेरै परिणाम दिन सक्दैन। यो शाश्वत सत्य हो। यसकारण चोटिलो धाराप्रवाह गाली वा मीठो भाषण अनि भ्रष्टाचार विरुद्धको सुगरकोटेड नारा भित्रको असली नियत बुझ्दै अग्रगामी राजनैतिक एजेण्डाको आधारमा गोलबन्द बनौं। अवसर र माहौलको पछि लाग्ने चरम ढुलमुले प्रवृत्तिलाई निस्तेज गरौं।

अग्रगामी राजनीति विरुद्ध यो वा त्यो बहानामा गरिने कुनै पनि खालको पश्चगामी हर्कतहरुलाई विफल पारौं। सबै गणतन्त्रवादीहरू एक होऔं। किनकि कुनै पनि शर्तमा परिवर्तनको युगसापेक्ष अग्रगामी विकल्प पश्चगमनद्वारा निर्देशित अस्थिरता हुन सक्दैन।

## २०७९ यस्तो छ तपाईको राशिफल फागुन १३

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,
आर्थिक लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला। पढाइलेखाइमा समय दिन नसकिएला। समय प्रतिकुल रहेको छ।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो
स्वास्थ्यमा अलि कमजोरी अनुभूति हुन सक्छ। परिवारजनको साथले उत्साहित भइनेछ। प्रेमको बन्धन कसिने समय छ।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह
समयमा काम पूरा नहुनाले हातमा आएको अवसर गुम्न सक्छ। मेहनतको उचित मूल्य नपाइएला। खर्च बढ्ने समय छ।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो
व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर जुट्नेछ। स्वास्थ्य कमजोर रहनाले चिताएको काम सम्पादन गर्न नसकिएला।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे
आस मारेको काम बन्नाले उत्साह जाग्नेछ। तर अरूका काममा समय खर्चनुपर्ला। स्वास्थ्यमा पनि कमजोरी अनुभूति हुनेछ।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो
काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। तर व्यापारमा पनि कमै फाइदा हुनेछ।

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते
भौतिक साधन जुट्नेछ भने आम्दानी बढाउने काम प्रारम्भ गर्न सकिनेछ। आयआर्जन राम्रै हुनेछ। कामबाट फुर्सदिलो भइनेछ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू
अतिथिका रूपमा सत्कार समेत पाइने सम्भावना छ। व्यापार-व्यवसायमा लाभ हुनेछ। समय अनुकुल नै रहेको छ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे
आज बाध्यतापूर्ण काममा जुट्नुपर्ला। सहयोगको आशा देखाउनेहरूले झुक्याउन सक्छन्। आंशिक मात्र फाइदा हुनेछ।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी
सामाजिक उत्तरदायित्व वहन गर्दै उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। पछि फाइदा हुने काम हातलागी हुनेछ।

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द
तत्काल ठूलो फाइदा उठाउन नसकिए पनि भविष्यका लागि विशेष काममा जग बसाउने अवसर प्राप्त हुनेछ।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची
गोप्य रहस्य पत्ता लाग्नेछन् भने नसोचेको लाभ हुनेछ। सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ।


## खुशीको खबर ! खुशीको खबर !!

*"सीप सिकौं आत्मनिर्भर बनौं।"*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ।

४ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ।

साथै कपडा पनि उपलब्ध छ।

**वबी बुटिक**

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**

# बसाई सराईका कारण कुपोसित बन्दै बाजुराका बालबालिका

**पोष्ट संवाददाता**

बाजुरा । बाजुराको हिमाली गाउँपालिका वडा नम्बर ३ बौडी बस्ने पासाङ लामु कार्कीले बच्चा पाएको एक महिना भएको छ । उनी बसाइँसराइ गरेर अछामको साँफेबगर पुगेको बेला छोरी जन्माएकी हुन् । एक महिनाकी उनकी छोरी कुपोषित छन् । उनका तीन बच्चामा तीनै जना कुपोषणको शिकार छन् ।

दुईवटा बच्चा हिमालतिर जाने बेला बाटोमा जन्मेका उनले बताइन् । 'जेठो बच्चा साइपाल हिमाल नजिकै जन्मेको हो,' उनले भनिन्, 'अर्को बच्चा पनि बसाई सराईकै क्रममा बाटोमै जन्मियो, तलमाथी गर्दा गर्दै उनिहरुको हेरचाह गर्न पाइएन कुपोष्ति भएछन् ।'

पासाङ गर्भवती भएदेखि सुत्केरी हुँदासम्म कुनै खोप लगाएकी छैनन् । आइरन चक्की खाएकी छैनन् । स्वास्थ्य परीक्षण गरेकी छैनन् । नवजात छोरीलाई जन्मने बित्तिकै लगाउने खोप बीसीजी पनि लगाएकी छैनन् ।

पासाङका श्रीमान् प्रेम कामी भोटेले भने, 'हिउँदमा बेंसीतिर र हिमाल जाँदै ठिक्क हुन्छ, कहिले खोप लगाउने कहिले आराम गर्ने त्यस्तो समय नै हामीसँग हुँदैन । अहिलेसम्म आमा त ठिकै छ, बच्चा भने सबै कुपोषित छन् ।'

हामीले भेटेका दिन पासाङ्ले बच्चा पाएको २० दिन भएको थियो । उनी सुख्खा रोटी नुनको धुलोसँग खाइरहेकी थिइन् । आराम गर्नुपर्ने बेलामा समेत उनी छोरी काखमा च्यापेर राडी बुन्ने काम गरिरहेकी थिइन् । उनले भेडाको ऊनबाट राडी बनाउन लागेको, तयार भएपछि बिक्री गर्ने र त्यो पैसाले चामल किन्ने आफ्नो योजना हामीलाई सुनाइन् ।

बुढिनन्दा नगरपालिका-९ पाण्डुसेनकी ३९ वर्षीय डोमा गुरुङले अहिलेसम्म ११ सन्तान जन्माइन् । ११ मध्ये ३ वटा जीवित छन् । मौसमी बसाइँसराइका कारणले सबै बच्चा बाटोमा जन्माएको उनले बताइन् । बाटोमा बच्चा पाउनुपर्ने, पालभित्र चिसो हुने, खाना राम्रो नहुने, रगत बगेर बिजोग हुँदा आफूलाई त भगवानले बचाएको उनले सुनाइन् । 'धेरै बच्चा पाएर होला अहिले पेट र कपाल दुख्ने, रगत बग्ने, ज्वरो आउने, कमजोर हुने जस्ता समस्या भइरहने उनको भनाइ छ ।

जिल्ला अस्पताल बाजुरामा भर्खर सञ्चालनमा रहेको पोषण पुनर्स्थापना केन्द्रको तथ्याङ्कले पनि मौसमी बसाइँसराइ गर्ने जनजाति समुदायका बालबालिका कुपोषणको मारमा परेको देखाउँछ । पुनर्स्थापना केन्द्रमा मात्रै १७ जना बच्चाहरूको उपचार भइरहेकोमा धेरैजसो यो समुदायका बालबालिका भएको अहेब पार्वती जैसीले बताइन् ।

त्यहाँ उपचाररतमध्ये कडा कुपोषित २ जना, मध्यम ५ र सामान्य १० जना बालबालिका छन् । यसमध्ये अधिकांश यो समुदायका छन् । 'हाम्रो केन्द्र स्थापना भएको एक वर्ष पुग्न लागेको छ, यहाँ उपचार गर्ने १७ जना पुगेका छन्, यसले पनि यो समुदायमा धेरै कुपोषित छन् भन्ने देखाउँछ', पार्वतीले भनिन् ।

भोटे जनजातिको सबैभन्दा बढी संख्या बाजुरामा छ । बाजुरामा करिब ७०० परिवार भोटे समुदाय बसोबास गर्दै आएको भोटे जनजाति महासंघका पूर्व केन्द्रीय अध्यक्ष नृप थापा भोटेले बताए । बाजुराका तीन पालिकामा यो समुदायको बसोबास छ । बडीमालिका र बुढिनन्दा नगरपालिका एवं हिमाली गाउँपालिकामा यो समुदायको बसोबास छ ।

यी केही उदाहरण मात्रै हुन् । जीविकोपार्जनका लागि भोटे जनजातिहरूको मौसमी बसाइँसराइ धेरै आमा र बच्चा कुपोषणमा पर्ने कारण भएको छ । प्रायःजसो उनीहरू हिउँदमा अछाम र गर्मी समयमा हिमाली क्षेत्रमा बसाइँ सर्ने गर्छन् । तर, यसरी बसाइँ सर्नेमध्ये कतिलाई कुपोषण भएको छ भन्ने आधिकारिक तथ्यांक नभएको बडिमालिका नगरपालिकाका स्वास्थ्य संयोजक टेकबहादुर खड्का बताउँछन् । 'यो समुदायका आमा र बालबालिकामा कुपोषणको मात्रा चर्को छ, तर यकिन तथ्याङ्क छैन', खड्काले भने ।

धेरै बच्चा त्यो पनि असुरक्षित रूपमा, बाटोघाटोमा जन्माउने भएकाले उनीहरूको स्वास्थ्य अवस्था निकै कमजोर देखिन्छ । कडा परिश्रम गर्नुपर्ने, पोषिलो खानेकुरा खान नपाउने र गर्भवती अवस्थामा समेत आराम गर्न नपाउने भएकोले उनीहरू जोखिममा हुन्छन् ।

'गरिबीका कारण चिसो छल्न, भेडाच्याङ्ग्रा र परिवारसहित हिउँदका ६ महिना बेंसी झर्ने र गर्मीयाममा हिमालतिर सर्ने भएकाले धेरै भोटे महिला बाटोमै बच्चा जन्माउन बाध्य हुन्छन् । ज्यान जोगाउन नै मुश्किल हुन्छ, त्यहाँ पोषिलो खानेकुरा त धेरै टाढाको कुरा हो', स्थानीय अगमती थापा भोटे भन्छिन् ।

मध्य तथा सुदूरपश्चिमका पहाडी जिल्ला बाजुरा, बझाङ, मुगु, हुम्ला, जुम्लाका कतिपय जाति मौसमी बसाइँ सर्ने गर्छन् । त्यस क्रममा महिलाहरू बाटोमा बच्चा जन्माउन बाध्य हुन्छन् । उनीहरूले गर्भवती र सुत्केरी अवस्थामा स्वास्थ्य चौकी देख्न पनि पाउँदैनन् । भोटे जाति तीमध्ये एक हो ।

यो अवस्था आफैंमा जोखिमपूर्ण हुन्छ । उनीहरूले आवश्यक खोप पाउने सम्भावना रहन्न । यसको परिणाम धेरै आमा र बच्चा जोखिममा पर्छन् । उनीहरूमध्ये कतिको मृत्यु समेत हुन्छ । त्यो सार्वजनिक जानकारीमा पनि आउँदैन । परिस्थिति यस्तो हुन्छ कि त्यो समुदायमा यसरी मृत्यु हुनु समान्य झैं मानिन्छ ।

भौगोलिक विकटता र चेतनाको कमीले उनीहरूको स्वास्थ्य संस्थासम्म पहुँच छैन । त्यसमाथि दुर्गम क्षेत्रमा भएका स्वास्थ्य संस्था पनि सेवा र साधन स्रोतका दृष्टिले कमै मात्र प्रभावकारी हुन्छन् । बुढिगंगा नगरपालिकाका स्वास्थ्य संयोजक दीपक शाह भन्छन्, 'धेरै पक्ष होलान् तर गरिबी नै यसको मुख्य कारण हो । गरिबीले बसाइँ सर्न बाध्य बनाउँछ, यसरी बसाइँ सर्दा कुपोषण त भयावह हुने नै भयो ।'

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयले गरेको कुपोषणको 'स्मार्ट सर्भे'मा बाजुरामा कुपोषणको दर उच्च रहेको देखाएको छ । बाजुराका ९ स्थानीय तहका ६९ वडामध्ये २७ वडाका घर-घरमा पुगेर ५ वर्ष मुनिका बालबालिकामा सर्भे गरिएको थियो । सर्भेक्षणमा पुड्कोपन ४८ दशमलव ८ प्रतिशत, ख्याउटेपन ८ दशमलव ६ प्रतिशत र कम तौल ३० दशमलव ६ प्रतिशत देखिएको थियो ।

यो दरले बाजुराका बालबालिकामा कुपोषणको दर निकै उच्च रहेको देखाएको स्वास्थ्य कार्यालय बाजुराका प्रमुख महेश चन्द बताउँछन् । जनजाति बालबालिकामा कुपोषणदर उच्च रहेको तथ्याङ्कले देखाएको छ ।

भोटे जनजातिका आमा र बच्चाको मृत्यु उच्च रहे पनि जिल्लास्थित स्वास्थ्य संस्थामा यो विवरण उपलब्ध हुँदैन । उनीहरू स्वास्थ्य संस्थामा जाँच र उपचारका लागि प्रायः नआउने भएकाले रेकर्ड पाउन सम्भव हुँदैन । 'जनजाति बस्तीहरू दुर्गम गाउँमा हुन्छन्, अर्को वर्षैपिच्छे बसाइँ सर्ने भएकाले तथ्याङ्क राख्न पनि समस्या पर्छ', स्वास्थ्य कार्यालय प्रमुख चन्दले बताए ।

यसबाहेक भोटे जनजातिका धेरै आमामा पाठेघरको समस्या देखिएको छ । असुरक्षित सुत्केरी र धेरै सन्तान जन्माएकाले यो समस्या देखिएको हो । जस्तो कि हिमाली गाउँपालिका-३ की हिउकला गुरुङले ८ वटा बच्चा जन्माइन् । पाँचौं बच्चा जन्मेदेखि उनको पाठेघर खस्ने समस्याले दुःख दिएको छ । उनले सबैजसो बच्चा घरमा र काम गर्न जाँदा जंगलमै जन्माइन् । आर्थिक अवस्था कमजोर भएकाले अहिलेसम्म पनि उपचार गर्न नसकेको उनी बताउँछिन् ।

धेरै सन्तान जन्माउँदा देखिने अर्को समस्या हो रक्तअल्पता । हिउकला जस्तै हिमाली गाउँपालिका-३ बस्ने ४४ वर्षीया मनुकला थापालाई रक्तअल्पता छ । उनले ९ सन्तानलाई जन्म दिइन् । शरीरमा रगत कम हुँदा रिंगटा लाग्ने र कमजोर महसुस हुनेगर्छ । पाठेघर सम्बन्धी समस्या भए पनि अहिलेसम्म कतै चेकजाँच नगरेको उनले बताइन् ।

पाठेघर खस्ने समस्याको कुपोषणसँग सोझो सम्बन्ध छ । वरिष्ठ जनस्वास्थ्य अधिकृत रमेश कुँवरका **(बाँकी ३ पेजमा)**

# हिमाल एकेडेमीको १३औं बार्षिकोत्सव सम्पन्न

**पोष्ट संवाददाता**

धनगढी । धनगढी-२ स्थित हिमाल एकेडेमीको १३औं बार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम सम्पन्न भएको छ ।

बार्षिकोत्सव कार्यक्रममा धनगढी उप महानगरपालिकाका शिक्षा महाँशाखा प्रमुख नरेन्द्र खाती प्रमुख अतिथी रहेका थिए । प्रमुख अतिथी खातीले बालबालिकाको सर्वाङ्गिण विकासका लागि विद्यालय र अभिभावक विच राम्रो सम्बनध हुनु आवश्यक रहेको बताए ।

'विद्यालयमा आफ्ना बालबालिकालेले के गर्छन्, उनिहरुको सिकाई कस्तो छ, भन्ने बारेमा अभिभावकले शिक्षक कर्मचारीबाट जानकारी लग्नु पर्ने हुन्छ,' खातिले भने, 'त्यसैगरी आफ्ना विद्यार्थीले घरमा कसरी समय विताउने गर्दछन्, उनिहरुका रुचि के हुन्, भन्ने बारेमा शिक्षकले जानकारी लग्न सके मात्रै बालबालिकाको मनोविज्ञान अनुसार सिकाउन सकिने हुन्छ, त्यसैले बालबालिकाको सर्वाङ्गिण बिकासका लागि अभिभावक र विद्यालय विचको समन्वय अपरिहार्य छ ।'



वार्षिक उत्सव समारोहमा आयोजित कार्यक्रम

उनले शैक्षिक संस्थामा बालबालिकालाई किताबका पान्नामात्रै रटाउने प्रवृति भन्दा उनिहरुको प्रतिभा प्रष्फुटन हुने खालका गतिबिधि सञ्चालन गर्नु पर्ने बताए ।

धनगढी-२ का वडा अध्यक्ष धर्मराज ओझाले विद्यालय शिक्षाको मन्दिर रहेको र त्यसता संस्थाको विकासका लागि सवै निकायले आफुले सकेको सहयोग गर्नुपर्ने बताए । उनले विद्यार्थीलाई उत्प्रेरणा हुने खालका गतिबिधि हुनुपर्ने बताए । 'अब पुरानै शैलिमा शिक्षण गरेर बालबालिकाले प्रबिधिको युगमा प्रतिष्पर्धा गर्न सक्दैनन्,' उनले भने, 'बालबालिकालाई उत्प्रेरणा दिने र सिकाईमा जिज्ञासु बनाउनु अपरिहार्य हुन्छ ।'

हिमाल एकेडेमीले स्थापनाको छोटो समयमै आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको भन्दै उनले विद्यालयको विकासका लागि सकेको सहयोग गर्न वडा कार्यालय तयार हुने बताए ।

कार्यक्रममा प्याब्सन कैलालीका अध्यक्ष तथा कैलाली विद्या निकेतनका प्रिन्सिपल टोपेन्द्र शाह, अधिबक्ता टिकेन्द्रराज जोशी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । बार्षिकोत्सव कार्यक्रमका अवसरमा परिक्षामा प्रथम, दितीय र तृतीय हुने विद्यार्थी, उत्कृष्ट शिक्षक, शिक्षिका, अनुसाशीत विद्यार्थीलाई प्रमाणपत्र सहित पुरस्कृत गरिएको थियो । यसैगरी बार्षिकोत्सव कार्यक्रममा विद्यार्थीहरुले आफ्नो प्रस्तुती प्रदर्शन गरेर उत्सव मनाएका थिए ।

विद्यालयका संस्थापक विक्रम कुमार शर्माको अध्यक्षतामा सम्पन्न बार्षिकोत्सव कार्यक्रममा स्वागत मन्तव्य विद्यालयकी प्रिन्सिपल रेखा शार्माले गरेकिथिइन् । कार्यक्रम सञ्चालन शिक्षिका लक्ष्मी पन्तले गरेकिथिइन् ।

निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल

उपलब्ध विशेषज्ञ सेवाहरू...

नवजात शिशु तथा बालरोग सेवा
नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

हाडजोर्नी तथा नसा रोग सेवा
हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भाँचिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

जनरल मेडिसिन (फिजिसियन) सेवा
फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्क्रबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

जनरल तथा दुरबिन बाट अप्रेशन सेवा
जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

स्त्री तथा प्रसुती रोग सेवा
स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

भिडियो एक्स-रे सेवा
भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ्ग सेवा ।

मानसिक तथा नशा रोग सेवा
मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार सेवा ।

मुख, अनुहार तथा बङ्गारा रोग सेवा
मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

नाक, कान, घाँटी रोग सेवा
नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टङसिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

छाला, यौन रोग तथा सौन्दर्य सेवा
छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

मृगौला तथा मुत्र रोग सेवा
मृगौला रोग विशेषज्ञ (नेफ्रोलोजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलोजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

न्युरो तथा मस्तिस्क रोग सेवा
न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।


सघन उपचार (ICU) सेवा | नवजात शिशु (NICU) सेवा | बाल सघन (PICU) सेवा | कृतिम स्वास प्रस्वास (Ventilator) | २४ सै घण्टा अप्रेशन सेवा | साधारण तथा वातानुकुलित क्याबिन




कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला
हसनपुर, धनगढी-५, कैलाली, नेपाल
nisargahospitalnepal@gmail.com /nisargahospitalnepal
२४सै घण्टा आकस्मिक सेवा
HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी